# सर्केगाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सर्केगाड, हुम्ला
कणाली प्रदेश, नेपाल

# सडक, सिचाईं र लघुविधुत निर्माणका लागि बोलपत्रको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७५।१२।२२**

**सुचना सच्याइ पुन प्रकाशन गरिएको मिति २०७६/०१/०२**

यस कार्यालयबाट तपशिलको निर्माण कार्य बोलपत्रद्धारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट ईजाजत पत्र प्राप्त ईच्छुक नेपाली निर्माण व्यवसायी हरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको बोलपत्र आव्हान गरिएको छ।

१. बोलपत्रको सूचना प्रकाशित भएको मितिले ३० दिन (२०७६/०१/२१) भित्र आ.व.२०७५।०७६ को लागि नविकरण ईजाजत पत्र, आ.व. २०७४।०७५ को करचुक्ता प्रमाण पत्र र मु .अ.कर प्रमाणपत्र हरुको प्रमाणित प्रतिलिपि सहित रु ३०००। अक्षेरुपी तीन हजार मात्र फिर्ता नहुने गरी बुझाई यस सर्केगाड गाउँ कार्यपालिकाको कार्यालय वाट बोलपत्र फारम खरिद गर्न सकिनेछ।

२. बोलपत्र प्रष्ट संग भरी शिलबन्दि सहित खाम बाहिर तपशिलमा उल्लेखित “ठेक्का नं. र योजनाको नाम” उल्लेख गरी निर्माणकर्ताको नाम र ठेगाना स्पष्ट गरी २०७६/०१/२२ गते दिनको १२ वजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी पेश गनुपर्ने छ।

३. समय भित्र दर्ता हुन आएका वोलपत्र फारम हरु सोही दिनको १ बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्र दाता वा तिनको प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्र दाता वा प्रतिनिधि उपस्थित नभए पनी बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

४. बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने दिन सार्वजनिक विदा पर्न गए मा त्यस पछि कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ। एक फर्मको नाममा खरिद भएको बोलपत्र अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन।

५. बोल पत्रका साथ बिडबण्ड बापतको धरौटी रकम सर्केगाड गाउँपालिका हुम्लाको नाममा रहको रा.वा बैक सिमकोट हुम्लाको हि .नं. ४१९०३०३००७१०५ ग ३ धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा कम्तीमा ९० दिन सम्मको म्याद राखी जारी गरेको बैक ग्यारेन्टी ( विडवण्ड ) संलग्न हुनुपर्ने छ।

६. बोलपत्र कबोल दर अंक र अक्षर दुबैमा (मूल्य अभिवृद्धि कर बाहेकको) दर लेख्नु पर्ने छ, । अंक र अक्षर फरक भएमा अक्षरलाई मान्यता दिईने छ।

७. कामको गुणस्तर ( Quality of work) निर्माण सम्वन्धि स्विकृत स्पेसिफिकेसन अनुसार गर्नु पर्नेछ।

८. रित नपुगेको, म्याद नाघि आएको वा कुनै शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

९. यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन, नियम र निर्देशिका अनुसार हुनेछ।

१०. यस सम्वन्धि अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र कार्यालयको फोन नं. ९८४३७०५०८० वा ९८५८०६२९७२ मा सम्पर्क गर्न सकिने छ।

**<u>तपशिल</u>**

| ठेक्का नं. | योजनाको नाम | बिडबण्ड जमानत रकम रु. | लगत ईस्टिमेट रकम रु. ( मु.अ.क. बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १/२०७५-७६ | सर्केगाडदेखि सायाँ हुँदै बराई सडक निर्माण कार्य | रु. ८००००।०० | रु. २८०२३५९.८८।०० | |
| २/२०७५-७६ | चुरीकाङ्ग सेरी सिचाई निर्माण कार्य | रु. ८००००।०० | रु. २८०२३५९.८८।०० | |
| ३/२०७५-७६ | काउले खोला तलि औल सिचाई निर्माण कार्य | रु. ८००००।०० | रु. २८०२३५९.८८।०० | |
| ४/२०७५-७६ | नेराखोला लघु विद्युत जैर | रु. २३८०००।०० | रु. ८४०७०७९.६५।०० | |

यज्ञश्वर पाण्डे

प्रमुख प्रशासकिय अधिकृत